# गोठेमल सुधार कार्यक्रम सञ्चालन कार्यविधि-२०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०९/१६

खोटेहाङ गाउँपालिका

खोटाङ जिल्ला

१ नं प्रदेश

# प्रस्तावना

खोटेहाङ गाउँपालिकाका अधिकांश कृषकहरु पशुपालन पेशामा पनि आवद्ध छन् । पशुपालन व्यवसाय मासु र दुधजन्य वस्तु सँगै गोठेमल उत्पादनको लागि पनि महत्वपूर्ण छ । गोठेमल बाली उत्पादनको लागि नभई नहुने तत्व हो । गोठेमलमा पाईने प्राङगारिक तत्वले माटोमा भएको उर्वराशक्ति बढाउन मद्दत गर्दछ । गोठेमलमा भएको उर्वराशक्ति जोगाउन अत्यन्तै आवश्यक छ । जसको लागि गोठेमल सुधारसँगै प्रयोगका तरिकाहरुमा पनि परिवर्तन ल्याउन अनिवार्य छ । खोटेहाङ गाउँपालिकाका अधिकांस कृषकहरुको गोठेमल तयार गर्ने विधि परंपरागत खालको छ । जसको कारण गुणस्तरीय गोठेमल उत्पादन हुन सकिरहेको छैन । गुणस्तरीय गोठेमल प्रयोग नभएपछि बालीनालीको उत्पादन राम्रो हुँदैन । अतः हाम्रा कृषकहरु राशायनीक मलतर्फ आकर्षित भएका छन् । राशायनीक मलले तत्कालको लागि उत्पादकत्व वृद्धि भए पनि माटोको गुणस्तर खस्कन्दै गइरहेको र बालीनालीसँगै मानव स्वास्थ्यमा पनि नकारात्मक असर पर्दै गइरहेको छ । अर्कोतिर राशायनीक मल खरिद गर्दा ठूलो परिमाणमा रुपैया पैसा विदेश गइरहेको छ । राशायनीक मलको प्रयोगलाई घटाउँदै कही वर्षपछि सून्यमा झार्नको लागि गुणस्तरीय गोठेमल निर्माणसँगै उचित तरिकाले प्रयोग गर्न किसानहरुलाई उत्प्रेरित गर्न बाञ्छनीय भएकोले खोटेहाङ गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

# परिच्छेद-१

## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भ:-

(क) यस कार्यविधिको नाम **गोठेमल सुधार कार्यक्रम सञ्चालन कार्यविधि-२०७७** रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

### २) परिभाषा:

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"कार्यपालिका"** भन्नाले खोटेहाङ गाउँ कार्यपालिकालाई बुझ्नु पर्छ ।

(ख) **"समिति"** भन्नाले खोटेहाङ गाउँपालिकाको कृषि विकास समितिलाई बुझ्नु पर्छ ।

(ग) **"शाखा"** भन्नाले खोटेहाङ गाउँपालिकाको कृषि तथा पशु विकास शाखालाई बुझ्नु पर्छ ।

(घ) **"वडा कार्यालय"** भन्नाले खोटेहाङ गाउँपालिकाको वडा कार्यालयलाई बुझ्नु पर्छ ।

(ङ) **"मुल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको बुँदा नं ६ बमोजिम गठन भएको समितिलाई बुझ्नु पर्दछ ।

(च) **"उद्यमी/व्यवसायी"** भन्नाले गाउँपालिका तथा करदाता कार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण गरेका कृषि/पशु फार्म तथा व्यवसायिक कृषकहरुलाई बुझ्नु पर्दछ ।

(छ) **"कृषक समूह"** भन्नाले यस खोटेहाङ गाउँपालिकाको कृषि तथा पशु विकास शाखामा विधिवत दर्ता भई सञ्चालनमा रहेको समूहलाई बुझ्नु पर्दछ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

(छ) **"गोठेमल"** भन्नाले गाईवस्तु आदिको दिशा-पिसाब र पातपतिङ्गर प्रयोग गरेर निर्माण गरिएको मललाई बुझ्नु पर्दछ ।

## ३) कार्यक्रम सञ्चालनको उद्देश्य:

गोठेमल सुधार कार्यक्रमको उद्देश्य देहाय बमोजिमको हुनेछ ।

(क) गुणस्तरीय गोठेमल उत्पादन गर्ने ।

(ख) उत्पादित गोठेमलको उचित तरिकाले प्रयोग गर्ने/गराउने ।

(ग) राशायनिक मालको प्रयोगलाई घटाउँदै लाने ।

(घ) केही वर्ष भित्र खोटेहाङ गाउँपालिकालाई प्राङ्गारिक पालिकाको रुपमा स्थापित गर्ने ।

(ङ) दिगो कृषि विकास गरी खाध्य सुरक्षामा योगदान पुर्याउने ।

# परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

## ४) कार्यक्रम सञ्चालन गरिने वडाहरु :

यो कार्यक्रम खोटेहाङ गाउँपालिकाका सबै वडाहरुमा सञ्चालन गरिने छ ।

## ५) प्रस्ताव आह्वान

(क) यस कार्यविधि बमोजिम गोठेमल सुधार गर्न कृषकहरुलाई अनुदान उपलब्ध गराउन गाउँपालिकाको कृषि तथा पशु विकास शाखाले तोकिएको ढाँचामा इच्छुक कृषि उद्यमीहरु र कृषक समुहहरुलाई स्थानीय पत्रपत्रिका, स्थानीय रेडियो, गाउँपालिकाको वेभसाइट, फेसबुक पेज आदि मार्फत कम्तीमा १५ दिनको समय दिएर प्रस्ताव आह्वान गर्नु पर्ने छ । यस्तो सूचना गाउँपालिका तथा सम्पूर्ण वडा कार्यालयहरुको सूचना बोर्डमा टाँस गर्ने व्यस्था मिलाउनु पर्ने छ ।

(ख) यस कार्यविधि अनुरुप गोठेमल सुधार गर्न अनुदान माग गर्न चाहने कृषि उद्यमी र कृषक समूहलाई तोकिएको मिति भित्र कार्य विवरण सहित अनुसूचि १ को ढाँचामा प्रस्ताव पेश गर्नु पर्ने छ ।

(ग) कृषि उद्यमी र समूहले सम्बन्धित कार्यालयमा पेश गर्ने प्रस्तावको साथमा सम्बन्धित वडा कार्यालयको सिफारिस, व्यवसाय/समूह दर्ता/नवीकरण प्रमाण-पत्र, PAN/VAT दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र, अनुभव तथा तालिमको प्रमाण-पत्रको प्रतिलिपि आदि पेश गर्नु पर्नेछ । समूहको हकमा कार्यसमितिको बैठकको प्रतिलिपि समेत पेश गर्नु पर्ने छ ।

## ६) प्रस्ताव मूल्याङ्कन समिति

१) यस कार्यविधि बमोजिम अनुदान हस्तान्तरणको लागि प्राप्त प्रस्तावहरु छनौट गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| क) खोटेहाङ गाउँपालिकाका उपाध्यक्ष | -संयोजक |
| ख) कृषि विकास समितिका संयोजक | -सदस्य |
| ग) गाउँ कार्यपालिकाले तोकेको एक वडाध्यक्ष | -सदस्य |
| घ) कृषि विकास समितिले तोकेको एक सदस्य | -सदस्य |
| ग) कृषि शाखा प्रमुख | -सदस्य सचिव |



प्रदीप राई
गाउँपालिका अध्यक्ष

२) मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

३) मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार गाउँपालिकाका अध्यक्ष, वडाध्यक्षहरु तथा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ ।

## ७) व्यक्ति तथा समूह छनौट :

गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम र गाउँपालिकाबाट प्रकाशित सूचना अनुसार कृषि उद्यमी र कृषक समूहहरुले गरेको प्रस्तावको आधारमा कृषि तथा पशुपालन उद्यम गरिरहेका कृषक र व्यवसायिक कृषि वा पशुपालन गरिरहेका सक्रिय समुह तथा बडाहरु छनौट गर्नु पर्ने छ ।

## ८) कार्यक्रम सञ्चालनका लागि कृषक तथा समुह छनौटका आधार र सञ्चालन प्रक्रिया :

(क) कृषि फर्म, कृषक समुह तथा कृषि सहकारी दर्ता गरी व्यवसायिक रुपमा कृषि तथा पशुपालन गरिरहेका उद्यमी/समुह/सहकारीलाई प्राथमिता दिइने छ ।

(ख) कृषि तथा पशु फर्मको हकमा कम्तीमा ३ वटा गाईवस्तु पालेको कृषकलाई प्राथमिकता दिइने छ ।

(ग) समुह वा सहकारीको हकमा कम्तीमा ३ वटा गाईवस्तु पालेका र एउटै क्लष्टरमा पर्ने कम्तीमा ७ देखि १५ घरधुरीसम्म समेटिएको निवेदनलाई प्राथमिकता दिइने छ ।

(घ) एउटै व्यक्ति वा समुहलाई दोहोरो सुविधा वा अनुदान दिइने छैन ।

## १०) न्यूनतम मापदण्ड पूरा गर्नु पर्ने :

गोठेमल सुधार गर्दा कम्तीमा ३ वटा गाइवस्तुका लागि पानी नचुहिने गरी छानो छाउनु पर्ने, गहुँत खेर नजाने गरी भुइँ ढलान गरेको, ढुङ्गा छापेको हुनु पर्ने, घाँस खाने ठाउँ बाँस, काठ वा सिमेन्ट प्रयोग गरी व्यवस्थित गरेको हुनु पर्ने, गहुँत संकलन गर्ने सिमेन्टेड ट्याङ्की वा ड्रमको व्यवस्था हुनुपर्ने, मल फाल्ने खाल्डो कम्तीमा दुई भागमा बाँडिएको हुनुपर्ने, मल फाल्ने खाल्डोको चौडाई कम्तीमा दुई मीटर र लम्बाई आवश्यकता अनुसार हुनुपर्ने । खाल्डोमा फालिएको मललाई घामपानीबाट जोगाउन पानी नचुहिने गरी खर-पराल, जस्तापाता वा १५० जि.एस.एम.भन्दा माथिको हरियो प्लाष्टिकले छानो छाएको हुनुपर्ने छ ।

## ११) अनुदान रकमको व्यवस्था :

समितिबाट छनौट भएका कृषि उद्यमी वा समुहलाई अनुसूची २ अनुसारको फारम भराएर प्रति भकारो रु २५,००० (बीस हजार) का दरले अनुदान रकम वा सो बराबरको सामग्री उपलब्ध गराईने छ ।

## १२) अनुदान रकम प्रवाहका व्यवस्था :

गोठेमल सुधार कार्य सम्पन्न भएपछि सम्बन्धित प्राविधिकले सो को गुणस्तर निरिक्षण गरी प्राविधिक र समितिको सिफारिस प्राप्त भएपछि मात्र खोटेहाङ गाउँपालिकाले अनुदान उपलब्ध गराउने छ ।

खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोटाङबजार, खोटाङ २०७३



प्रदीप राई
गाउँपालिका अध्यक्ष

**१३) अन्य सर्तहरु :**

(क) न्यूनतम मापदण्ड पूरा नगरेको खण्डमा अनुदान वापतको रकम उपलब्ध गराउन गाउँपालिका बाध्य हुने छैन ।

(ख) गोठेमल सुधार कार्यक्रममा सहभागी कृषकहरुले उक्त गोठ अनिवार्यरुपमा ५ वर्षसम्म प्रयोग गर्नु पर्ने छ ।

(ग) तयार भएको गोठेमल प्रयोग गर्दा बारी वा खेतमा पुर्याएको २४ घण्टा भित्र माटोमा मिलाउनु पर्ने वा पुर्नु पर्ने छ ।

(घ) माथि उल्लेखित सर्तहरु उल्लंघन भएको भेटिएमा अनुदान वापतको रकम गाउँपालिकाले फिर्ता लिन सक्ने छ ।

## परिच्छेद ३

**१४) अनुगमन, निरिक्षण तथा मुल्याङकन सम्बन्धि व्यवस्था**

यस कार्यविधि अनुसार उपलब्ध गराईने गोठेमल सुधार अनुदान सदुपयोग भए नभएको बारेमा कार्यालयले जुनसुकै समयमा अनुगमन, निरिक्षण तथा मुल्याङ्कन गर्न सक्ने छ ।

## परिच्छेद-४
## विविध व्यवस्था

**१५) बाधा अडकाउ फुकाउने अधिकार**

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानहरुमा द्विविधा उत्पन्न भएमा वा यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले द्विविधा हटाउन वा बाधा अड्काउ फुकाउन सक्ने छ ।

**१६) प्रचलित कानून बमोजिम हुने**

यस कार्यविधिमा उल्लेखित कुनै प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ ।

**१७) कार्यविधि संशोधन**

खोटेहाङ गाउँ कार्यपालिकाले यस कार्यविधिमा समयानुकूल संशोधन गर्न सक्ने छ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

## अनुसूची-१ (क)

(कार्यविधिको बुँदा नं ५ (ख) सँग सम्बन्धित

गोठेमल सुधार कार्यक्रम सहयोगको लागि कृषि उद्यमीले कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा

**श्रीमान् प्रमुख**

**कृषि/पशु विकास शाखा**

**खोटेहाङ गाउँपालिका, खोटाङ**

मिति.....................

### विषयः गोठेमल सुधार कार्यक्रम अनुदान उपलब्ध गराई दिन हुन ।

महोदय,

मेरो/हाम्रो नाममा.....................कार्यालयमा दर्ता भएको दर्ता नं........................को ............................ समूह/फर्मलाई गोठेमल सुधार सहयोग कार्यक्रम उपलब्ध गराई दिन हुन निवेदन दस्तुर वापतको राजश्व दाखिला गरी भौचर सहित यो निवेदन पेश गरेको छु/छौं ।

निवेदकको विवरण

१) फर्मको नामः

२) ठेगाना :

३) फर्म दर्ता नं र मितिः

४) फर्म सञ्चालकको नागरिक्ता नं र जारी मितिः

५) गाइवस्तुको संख्याः

### संलग्न कागजातहरु

१) व्यवसाय दर्ता/नविकरणको प्रमाणपत्रको प्रतिलिपि

२) पान नंको प्रतिलिपि

३) करचुक्ताको प्रतिलिपि

४) सम्बन्धित वडाको सिफारिस

५) सञ्चालकको नागरिक्ताको प्रतिलिपि

**निवेदक**

नामः

ठेगानाः

दस्तखतः

सम्पर्क नंः

संस्थाको छापः

प्रदीप राई
गाउँपालिका अध्यक्ष

# अनुसूची-१ (ख)

(कार्यविधिको बुँदा नं ५ (ख) सँग सम्बन्धित

गोठेमल सुधार कार्यक्रम सहयोगको लागि कृषकले कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा

मिति....................

**श्रीमान् प्रमुख**
**कृषि/पशु विकास शाखा**
**खोटेहाङ गाउँपालिका, खोटाङ**

## विषयः गोठेमल सुधार कार्यक्रम अनुदान उपलब्ध गराई दिन हुन ।

महोदय,

खोटाङ जिल्ला, खोटेहाङ गाउँपालिका ........नं वडा.............................................................टोल निवासी.............................................................................................समूहका सदस्य म श्री.....................................................लाई गोठेमल सुधार सहयोग कार्यक्रम उपलब्ध गराई दिन हुन निवेदन दस्तुर वापतको राजश्व दाखिला गरी भौचर सहित यो निवेदन पेश गरेको छु/छौं ।

निवेदकको विवरण

१) नामः
२) ठेगाना :
३) समूह/सहकारीको नामः
३) नागरिक्ता नं र जारी मितिः
५) गाइवस्तुको संख्याः

## संलग्न कागजातहरु

१) नागरिक्ताको प्रतिलिपि
२) समूहको निर्णय
३) सम्बन्धित वडाको सिफारिस

**निवेदक**

नामः
ठेगानाः
दस्तखतः
सम्पर्क नंः

प्रदीप राई
गाउँपालिका अध्यक्ष

# अनुसूची-३

(कार्यविधिको बुदाँ नं ११  सँग सम्बन्धित

## कृषक/कृषि फार्मलाई गोठेमल सुधार कार्यक्रम अनुदान हस्तान्तरणको सम्झौता

लिखित् खोटाङ जिल्ला खोटेहाङ गाउँपालिका.........नं वडा.......................टोल बस्ने म श्री...................................................ले यस गाउँपालिकाबाट मिति................................मा प्रकाशित..........................................................................शिर्षकको सूचना बमोजिम भकारो सुधार कार्यक्रम अनुदान माग गरेको छु । मैले यस कार्यविधिलाई राम्ररी बुझेको छु । प्राप्त गरेको अनुदानलाई सदुपयोग गर्ने छु । आजका मितिले ५ वर्षसम्म सुधारिएको गोठको उपयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । यो सम्झौता विपरित काम गरेको प्रमाणित भएमा गाउँपालिकाबाट अनुदान स्वरुप प्राप्त गरेको रकम फिर्ता गर्नुका साथै भविष्यमा गाउँपालिकाद्वारा प्रदान गरिने कुनै पनि अनुदानको लागि अयोग्य हुन मञ्जुर भई यस सम्झौतामा सहीछाप गरिदिएँ ।

### प्राप्त गरेको उपकरणको विवरण

| सि. नं | कार्यक्रमको नाम | परिमाण | दर | गा.पा.को अनुदान | लागत सहभागिता | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**गाउँपालिकाको तर्फबाट**

दस्तदत

कर्मचारीको नाम

पदः

मितिः

छापः

**रोहवर**

दस्तखत

अध्यक्ष/उपाध्यक्षको नाम

पदः

मितिः

**कृषक/समूह/सहकारीको तर्फबाट**

दस्तखत

कृषकको नामः

पदः

मितिः

छापः

प्रदीप राई
गाउँपालिका अध्यक्ष

खोटेहाङ गाउँपालिकाको सम्वत् २०७७ साल पौष १६ गते बसेको गाउँ कार्यपालिका बैठकले नेपालको संविधानको धारा २२६ उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सर्वसम्मत पारित गरेकोले यो विधेयक नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु।

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७३

(प्रदिप राई)
अध्यक्ष

प्रदीप राई
गाउँपालिका अध्यक्ष

मिति :- २०७७/०९/१६